म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३२४ २०८० कार्तिक १३ गते सोमबार 30 October 2023, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## दसैंको अवधिमा सवारी दुर्घटनामा ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर, चितवन र नुवाकोटमा विभिन्न सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ । कात्तिक ३ गते शुक्रबारदेखि १० गतेसम्म ५ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-६, जुरिखेतमा बुधबार साँझ स्कुटर दुर्घटना भएको थियो ।

काठमाडौंबाट हेटौँडातर्फ आउँदै गरेको बा प्र ०२-०२७ प ४८४२ नम्बरको स्कुटर बुधबार साँझ ५ बजेर ४० मिनेटको समयमा जुरिखेतमा सडकबाट अन्दाजी एक सय मिटर तल खसेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका-२७, महावौद्धकी ६२ वर्षीया राज्यश्री थापा क्षेत्रीको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ। दुर्घटनमा परी घाइते भएकी थापाको उपचारको क्रममा हेटौँडा अस्पतालमा बुधबार साँझ ७ बजेर २० मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। थापाका श्रीमान् स्कुटर चालक ६५ वर्षीय शशीराज पाण्डेको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै, पुर्व-पश्चिम सडकखण्डस्थित हेटौँडा-१५, रातोमाटेमा क्रेन दुर्घटना हुँदा सहचालकको मृत्यु भएको छ। मृत्यु हुनेमा वीरगंज महानगरपालिका-३०, विश्रामपुर बस्ने १८ वर्षीय सहचालक विपिन महतो रहेको प्रहरी जनाएको छ। बिहिबार बिहान पौने ६ बजे रातोमाटेस्थित पूर्व पश्चिम सडकखण्डमा चुरियामाइतर्फबाट हेटौंडातर्फ आउँदै गरेको ना १ क ६०५५ नम्बरको हाइड्रा क्रेन आफैं अनियन्त्रित भई सडकको छेउमा पल्टिँदा दुर्घटना भएको थियो । दुर्घटनामा महतो घाइते भएका थिए । घाइते महतोलाई उपचारका लागि हेटौंडा अस्पताल लागिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। चालक लालपर्सा बस्ने ३० वर्षीय दशरथ पासवान भने सामान्य घाइते भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, त्रिभुवन राजपथ अन्तर्गत मकवानपुरको भीमफेदी-१, बाघझोरामा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भीमफेदी गाउँपालिका-६ का ३४ वर्षीय सुमन लामा रहेको प्रहरी जानकारी दिएको छ। शुक्रबार भैँसेबाट हेटौँडा आउँदै गरेको ना १७ प २१८९ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी १० मिटर तल खस्दा दुर्घटना भएको थियो । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक लामाको हेटौँडा अस्पतालमा उपचारको क्रममा शुक्रबार बेलुका ९ बजेर २५ मिनेटमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल पछाडि बस्ने ३० वर्षीय रोमन बस्नेत घाइते भएका छन् । घाइते बस्नेतको बायाँ खुट्टा र च्यापुमा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरी जानकारी दिएको छ । घाइते बस्नेतको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ ।

मदन भण्डारी लोकमार्गअन्तर्गत मकवानपुरको बागमती गाउँपालिका-७, लामिटारमा मोटरसाइकल दुर्घटना हुँदा बागमती गाउँपालिका-६, ठाडोखोलाका २२ वर्षीय सन्तोष दर्लामीको मृत्यु भएको छ ।

बुधबार साँझ ८ बजेर ४० मिनेटको समयमा लामिटारमा मोटरसाइकल दुर्घटना हुँदा गम्भीर घाइते भएका सन्तोषको उपचारको क्रममा काठमाडौंस्थित न्यूरो अस्पतालमा शुक्रबार राती १० बजेर ३० मिनेटको समयमा मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

बागमती गाउँपालिकाको झुरझुरेबाट हेटौँडातर्फ जाँदै गरेको ना ३० प ३४८१ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको प्रहरीले जनाएको छ । मोटरसाइकलमा सवार बागमती गाउँपालिका-६, ठाडीखोलाका २२ वर्षीय प्रदीप लोप्चन भने सामान्य घाइते भएको प्रहरीले जानकारी दिएको छ । घटनाको विषयमा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै, चितवनमा बसको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ । बिहिबार राती खैरहनी नगरपालिका-१ बहेरा चोकको पूर्व-पश्चिम राजमार्गमा बसको ठक्करबाट स्कुटर चालक सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-५, का २३ वर्षीय आनन लामाको मृत्यु भएको प्रहरीले जनाएको छ । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको बा ९६ प ३६३४ नम्बरको स्कुटरलाई विपरित दिशाबाट आउँदै गरेको बा ३ ख २३५४ नम्बरको बसले ठक्कर दिँदा दुर्घटना भएको थियो । दुर्घटनामा घाइते लामाको पुरानो मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। ठक्कर दिने बस र बसका चालकलाई प्रहरीले नियन्त्रणमा रहेको छ ।

यस्तै, नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-७, बुद्धसिङ्घाटमा बसले मोटरसाइकललाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकलमा सवार ५० वर्षीया साबित्रा अधिकारी रहेको प्रहरी जानकारी दिएको छ । बिहीबार बिहान ११ बजेर ४५ मिनेटको समयमा त्रिशुलीबाट काठमाण्डौ जादै गरेको बा ४ ख ५७९३ नम्बरको बसले तारुकाबाट बिदुर आउँदै गरेको बा प्र ०३-००४ प ९२१५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलका चालक २३ वर्षीय अर्जुन अधिकारी र साबित्रा दुवै गम्भिर घाईते भइएका थिए । घाइते दुवैलाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा साबित्राको उपचारको क्रममा मृत्यु भएको थियो । घाइते अर्जुनलाई थप उपचारका लागि ट्रमा सेन्टर काठमाडौं रिफर गरेको प्रहरीले जानकारी दिएको छ । बस चालकलाई प्रहरीले नियंत्रणमा लिएको छ ।

## गाँजा र अफिम खेती फँडानी गर्न १३७ प्रहरी परिचालन



*लागुऔषध गाँजा र अफिम खेती फँडानी गर्न खटिने प्रहरी टोली जिल्ला प्रहरी कार्यालय मकवानपुर परिसरमा ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजा र अफिम खेती फँडानी गर्न एक सय ३७ जना प्रहरी परिचालन गरेको छ । आइतबार प्रहरी निरीक्षकको कमाण्डमा मकवानपुरको राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकाको विभिन्न वडामा लागुऔषध फँडानी गर्न प्रहरी टोली खटाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

प्रवक्ता भण्डारीका अनुसार ५५ जना प्रहरी राक्सिराङ गाउँपालिकाको ५, ६, ७, ८ र ९ नम्बर वडाका विभिन्न स्थानमा लागुऔषध फँडानीका लागि खटिएका छन् । प्रहरी निरीक्षकको कमाण्डमा ४० जना प्रहरी राक्सिराङको १, २, ३ र ४ नम्बर वडाका विभिन्न स्थानमा खटिएका छन् । यस्तै प्रहरी निरीक्षककै कमाण्डमा ४० जना प्रहरी कैलाश गाउँपालिकाको विभिन्न वडामा परिचालन गरिएको छ भने २ जना प्रहरी ड्रोनसहित खटाइएको भण्डारीले जानकारी दिनुभयो । प्रहरीले वर्षेनी मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकाका विभिन्न स्थानमा लागुऔषध फँडानी गर्दै आएको छ। तर ती क्षेत्रमा अझै पनि गाँजा र अफिमको अवैध खेती भइरहेको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले केही समयअघि मात्रै लागुऔषधको विकल्पमा कफि खेती प्रवर्द्धन गर्न सुरु गरेको थियो । मकवानपुरको राक्सिराङ र कैलाशमा उत्पादन हुने लागुऔषध गाँजा र अफिम भारतमा चोरी निकासी हुने गरेको छ ।

## दसैंको अवधिमा विभिन्न घटनामा ११ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः प्रदेशको विभिन्न जिल्लामा भएको विभिन्न घटनामा ११ जनाको मृत्यु भएको छ। चाडपर्वको बेलामा कात्तिक ३ गतेदेखि ११ गतेसम्म विभिन्न घटनामा प्रदेशको मकवानपुरसहित धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, चितवन र काभ्रेपलान्चोकमा ११ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मकवानपुरको भीमफेदी गाउँपालिकामा एक वृद्धको भीरबाट लडेर मृत्यु भएको छ । आइतबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा भीमफेदी गाउँपालिका-३, बेसारघारीका ७० वर्षीय गणेश बहादुर स्याङ्तानको घर नजिकै घाँस काट्न जाँदा भीरबाट लडेर मृत्यु भएको खबर प्राप्त भएको प्रहरीले जनाएको छ । खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी टोली घटनास्थल पुगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-६ राम्चेमा एकजना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङ सिद्धलेख गाउँपालिका-७ भैसे घर भई हाल गजुरी गाउँपालिका-६ राम्चे बस्ने ३२ वर्षीया रिता भुजेल रहेको प्रहरीले जानकारी दिएको छ। भुजेल ८ गते बुधबार बिहान १० बजे खाना खाएर सुतेकोमा दिउँसो ४ बजेर ४५ मिनेटको समयमा सुतेकै अवस्थामा मृत फेला परेकी थिईन् । अनुसन्धानको क्रममा भुजेल पहिलैदेखि दमको बिरामी भई औषधी सेवन गर्दै आएको प्रहरीले जनाएको छ ।

यस्तै, धादिङ जिल्लाको गल्छी गाउँपालिका-४, चरौदीस्थित त्रिशुली नदीमा एकजना महिलाको शव फेला परेको छ । ११ गते शनिबार दिउँसो २ बजेर ४० मिनेटको समयमा सनाखत नभएको अन्दाजी ४० वर्षीया महिलाको शव तुईनको तारमा अड्किएको अवस्थामा फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

यस्तै, सिन्धुपाल्चोकको ईन्द्रावति गाउँपालिका-१२ पौवास्थित भित्री सडकखण्डको नालिमा ८ गते बुधबार एकजना पुरुष मृत फेला परेको छ । मृत फेला पर्नेमा ईन्द्रवती गाउँपालिका-७ पोखरे का ३३ वर्षीय सागर बिक रहेको प्रहरीले जनाकारी दिएको छ। अनुसन्धानका क्रममा बिक मंगलबार दिउँसो २ बजेको समयमा काठमाडौंबाट सिन्धुपाल्चोक हिँडेको भन्ने बुझिएको प्रहरीले जनाएको छ ।

यस्तै, नुवाकोट जिल्लाको बिदुर नगरपालिका-५ पिपलटारमा एकजना पुरुष मृत फेला परेका छन् । धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिका-१ घर भई हाल बिदुर नगरपालिका-५ मा लेवर काम गर्ने ५० वर्षीय सुका काजी कुमाल बुधबार आफ्नै डेरामा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । प्रहरी टोली खटी गई अनुसन्धान गर्दा कुमाल जन्डिसको विरामी र सधैं मादकपदार्थ सेवन गर्ने गरेको पाइएको छ ।

यस्तै, नुवाकोट जिल्लाको लिखु गाउँपालिका-३ ढाडफेदीमा खोला तर्ने क्रममा चिप्लेर लड्दा एकजना वृद्धको मृत्यु भएको छ। ६ गते बिहान ११ बजेर ४५ मिनेटको समयमा ७५ वर्षीय बुद्धवीर तामाङ खोला तर्ने क्रममा चिप्लेर लड्दा पानीमा डुबेर मृत्यु भएको प्रहरीले जनाकारी दिएको छ । यस्तै, चितवनको भरतपुर महानगरपालिका-२२, बोटेटोलस्थित राप्ती खोलाले बगाई बेपत्ता भएका एक जना पुरुष मृत फेला परेका छन । मृत फेला पर्नेमा सोही स्थान बस्ने ३८ वर्षीय राजन बोटे रहेको प्रहरी जानकारी दिएको छ ।

बोटे ९ गते बिहान १० बजेर ३० मिनेटको समयमा राप्तीखोलामा नुहाउने क्रममा नदिले बगाई बेपत्ता भएका थिए। बोटेको शव घटनास्थलबाट १५ मिटर तल राप्ती नदिमा फेला परेका प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर सरकारी अस्पताल लगिएको प्रहरीले जनाएको छ । यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-३ बेलचोकमा आश्रममा आश्रित पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ४५ वर्षीय बुद्धि बहादुर तामाङ रहेको प्रहरीले जनाएको छ। तामाङ भदौ २४ गतेदेखि आश्रममा बस्दै आएकोमा ४ गते बिहान ७ बजेर ४५ मिनेटको समयमा सुतेका ठाउँमा नै मृत फेला परेका थिए ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१० भाटभटेनीमा ४ गते दिउँसो १ बजेर ३५ मिनेटको समयमा ४५ वर्षीय प्रकाश आले मगर मृत फेला परेका थिए । अनुसन्धानको क्रममा मगरले अत्याधिक मादक पदार्थ सेवन गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ। यस्तै, चितवनको भरतपुर महानगर पालिकाको १ नम्बर वडा कार्यालय भवन पछाडि नारायणी नदिमा एकजना पुरुष व्यक्तिको शव फेला परेको छ। ११ गते शनिबार दिउँसो २ बजेर २० मिनेटको समयमा सनाखत नभएको अन्दाजी ६५ वर्षीय पुरुष व्यक्तिको शव नारायणी

....बाँकी पृष्ठ ३ मा

## तास खेल्ने ९ जना बिहिबार पक्राउ, शुक्रबार छुटे

समाज संवाददाता

हेटौंडाः तास खेलिरहेको अवस्थामा पक्राउ परेका ९ जना शुक्रबार छुटेका छन् । मकवानपुर प्रहरीले उनीहरुलाई बिहिबार नियन्त्रणमा लिएको थियो । बिहिबार साँझ साढे ५ बजेको समयमा हेटौंडा-७ स्थित गोकुलनाथ पौडेलको घरमा तास खेलिरहेको उनीहरु प्रहरीले पक्राउ गरेको थियो ।

तास खेलिरहेका अवस्थामा हेटौंडा-८ का अजय खड्का, मन्दीप पौडेल, रोहित कुमार केसी, भरत तितुङ, हेटौंडा-७ का रुपक चौलागाई, वीरेन्द्र खत्री, सविन चौलागाई, गोकुलनाथ पौडेल र हेटौंडा-१५ का ओम घलानलाई प्रहरीले पक्राउ गरेको हो । तासको खालबाट प्रहरीले ४ लाख ६५ हजार ३ सय ९० रुपैयाँ नगदसहित तास खेलिरहेको स्थानबाट नियन्त्रणमा लिएको हो ।

प्रहरीले सरकारी वकिलको सहमतिमा हाजिरी जमानीमा छाडेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभएको छ । प्रहरीले कानुनमा भएको व्यवस्थाअनुसार नै हाजिरी जमानीमा छाडेको उहाँको भनाइ थियो । अनुसन्धान अधिकृत वा सरकारी वकिलले हाजिरी जमानीमा छाड्न सक्ने व्यवस्थाअनुसार नै छाडिएको उल्लेख गर्नुहुँदै मुद्दा प्रमुख जिल्ला अधिकारी समक्ष पेश हुने प्रवक्ता भण्डारीले बताउनुभएको छ ।

We Are Open

**हाम्रो सेवाहरू:**









- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

**सम्पर्क**: ९८४५४३८८६०/०५७-५९११५९

**DURBAR AGRO MART**

Hetauda–4, Shitalmahal road

## सम्पादकीय

# सघन समीक्षा गरौं

यस वर्षको वडा दसैं सकिएको छ । शनिबार कोजाग्रत पूर्णिमासँगै यस वर्षको दसैं सकिएको हो । वडा दसैं नेपाली समाजको प्रमुख पर्व पनि हो । नेपाली समाजको धार्मिक सहिष्णुता, साँस्कृतिक विविधताभित्रको एकताका कारण फरक जाति, धर्मबीच पनि आपसी समझदारी र ऐक्यवद्धता सराहनीय छ । एक महिनाअघि मात्रै पश्चिम नेपालमा जातीय द्वन्द्व चर्काउने प्रयासलाई विफल पार्दै हिन्दु धर्मावलम्बीहरुको पर्व दसैंमा मुस्मिल समुदायले पनि हर्षोल्लासका साथ टिका र जमरा लगाएका छन् । नेपालका हिन्दु समुदायले मुस्लिम समुदायको इदमा पनि मस्जिदमा गएर शुभकामना आदानप्रदान गर्ने गरेका छन् ।

दसैं प्रमुख पर्व भएका कारण उल्लास मनाउन जति सहज छ त्यत्तिनै कठिन यसको सामना गर्न पनि छ । पछिल्लो आर्थिक संकटका कारण दसैंलाई सहजै सबैले पार लगाउन सकेका छैनन् । यद्यपि दसैंको अवधि पूरा हुनु नियमित र स्वभाविक प्रक्रिया पनि हो । अब भने दसैं र पछिल्लो समस्या, प्रवृत्ति र समस्याहरुको समीक्षा गर्दै आगामी दिनको उपयुक्त योजना बनाउनेतर्फ सबैले ध्यान दिनु जरुरी छ । मुलुकको संकटका बारेमा कोही अन्जान छैनन् । तर, मुलुकको संकट सामना गर्न सबैले आआफ्नो तर्फबाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नेतर्फ सतर्कता अपनाउन भने गम्भीर हुनैपर्छ । यो मेरो जिम्मेवारी होइन, मेरो दोष छैन, मैले के नै लाभ लिएँ र हानीको जोखिममा ध्यान दिनु जस्ता कुतर्क गर्ने र गैरजिम्मेवार हुने हो भने यो संकटले निम्त्याउने जोखिमबाट बच्न कठिन छ ।

यस वर्षको दसैंमा अधिकांशले आफ्नो पूर्ण परिवारमा दसैं मनाउन पाएनन् । सुख या दुखले विदेशमा रहेका आफ्ना परिवारका सदस्यका कारण दसैं खल्लो महसुस गरेका छन् । आफ्ना परिवारजन खाडीमा हुनेले आफ्ना दुख पोख्ने आँट गरेनन् होला भने युरोप र अमेरिकामा आफन्त हुनेले आफ्नो दुख पोख्न लाज भयो होला । तर, यहीँ आफ्नो क्षमता, दक्षता र पौरख देखाएर बाँच्न र बचाउन सक्ने जो कसैले आफ्नो व्यक्तिगत र पारिवारिक लाभको लोभले, बाध्यताले बिदेशिने सोँच बनाउँदै गर्दा देश भने निर्जन हुने हो कि भन्ने त्रास आमरुपमा बढ्दो क्रममा छ ।

कोभिड-१९ को विश्वव्यापी महामारी, रसिया-युक्रेन युद्ध र पछिल्लो इजरायल-हमास युद्धले हाम्रो बाध्यता, रहर, गैरजिम्मेवारीपनालाई अझ संकटको दिशामा उन्मुख गराएको छ । समग्रमा राजनीतिक नेतृत्व र राज्य व्यवस्थाका कमजोरीप्रति आरोप लगाउने अवसर रहे पनि अन्ततः समग्र मुलुकको संकटको भागिदारी हरेक नागरिक हुनुको विकल्प हुन्न । लाभका लागि हरेक दुरुपयोगलाई स्वभाविक ठान्ने र दायित्व र जिम्मेवारीलाई बोझ ठान्ने नेपाली मनोवृत्तिले नेपाली समाजलाई आजको अवस्थामा ल्याउन राजनीतिक नेतृत्वको गैरजिम्मेवारीपना सहयोगी सावित भएको छ ।

अब भने इमानदार भएर सघन आत्मसमीक्षा जरुरी छ । यो वडा दसैंको समाप्तीसँगै इमानदार भएर आआफ्नो जिम्मेवारी बोध गर्ने, गैरजिम्मेवार भूमिकाको समीक्षा गर्दै सच्चिने प्रयास गर्दै असल प्रणालीलाई स्थापित गर्न हरेक नागरिक अग्रसर हुनु जरुरी छ । जसले २०८० को दशकलाई नेपाली समाजको सुधारको दशकको रुपमा आत्मसात गर्दै सम्भावनाको दशकको रुपमा स्थापित गर्न सफल हुनु जरुरी छ । संसारले तीव्र प्रगतिको बाटोमा अगाडि बढिरहँदा हामी हाम्रो समाजको सुधारको संकेतलाई मात्रै भने पनि यो दशकमा स्थापित गर्न सक्यौं भने केही उपलब्धी हासिल गर्ने अवस्था रहन्थ्यो कि । तसर्थ यो असत्यमाथि सत्यको जीतको पर्वको रुपमा दसैंलाई विदाई गर्दै गर्दा वर्तमान परिस्थितिको सघन समीक्षा गरेर आगामी दिनलाई सार्थक तुल्याउन तपाइँ, हामी सबै जिम्मेवार बनौं ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक तथा सामाजिक क्षेत्रमा सफलता प्राप्त ।
**वृष** : वैदेशिक यात्रा प्रयोजनका कामबाट लाभ प्राप्त ।
**मिथुन** : पारिवारिक स्वास्थ्यले चिन्तित बनाउने योग ।
**कर्कट** : साथीभाई र कामदारले धोका दिने समय योग ।
**सिंह** : भौतिक सुविधा सामग्रीमा धन खर्च हुने समय ।
**कन्या** : व्यापार र धार्मिक क्षेत्रबाट लाभ प्राप्त योग ।
**तुला** : परिश्रमले काममा पूर्णता प्राप्त योग रहने छ ।
**वृश्चिक** : आवस्मिक रुपमा धनप्राप्ति हुने समय योग छ ।
**धनु** : प्रेम तथा दाम्पत्य जीवनमा तिक्तता आउला ।
**मकर** : मन दर्शक र चिन्तितमा केन्द्रित रहेन योग छ ।
**कुम्भ** : धर्ममा आघात र व्यावसायिक आघात आइपर्ला ।
**मीन** : अध्ययन-अध्यापनमा सफलता प्राप्त योग छ ।

# 'एउटा छोरा पानामाको जंगलमा बित्यो, अर्को बाटोमा छ'



*बागविर खत्री, मृतकका बुबा*

गाउँका केटा अम्रिका हिँड्न लागे पछि छोरा (प्रदिप खत्री) ले पनि जान्छु भन्यो । गाउँबाट मान्छेहरु गैराथे । घर छेउकै पलसिंह खत्रीको छोरा पनि अम्रिका पुग्या थे । राम्रै पैसा कमाएका थिए ।

त्यै देखेर छोरा पनि अम्रिका जान्छु भन्यो । हामीले पनि नाइ भनेनौं । रहर गरेपछि जा भन्यौं । राम्रै त कमाउने होला भन्ठान्यौं । तर जान धेरै पैसा चाहिने रैछ । पैसो उसैले जुटायो । हाम्रो त के थियो र ? गाउँघरमै यता उता गरेर उसैले ५५ लाख रुपैयाँ जुटाएर दलाललाई बुझायो ।

०७८ भदौमा घरबाट हिड्या थ्यो । एक वर्ष भएको थियो हिँडेको । बेला बेला फोन गर्थ्यो । जंगलको बाटो हिँड्नुपर्छ, दुःख हुन्छ भन्थ्यो । दुई तीन दिन अघिसम्म फोनमा कुराकानी भएको थियो । २/४ महिनामै अम्रिका पुग्छु भन्थ्यो । त्यसपछि कुरै हुन पाएको थिएन ।

तर २७ असोज ०७९ का दिन छोरा वित्यो रे भनेको हल्ला गाउँमा सुनेँ । सुरुमा त पत्याइनँ । पछि सबैले फेसबुकमा मेरो छोरा प्रदिपसँगै जंगलमा डुंगा पल्टेर ४ जना मरेको भन्ने समाचार आएको छ भने । धेरैदिन त हैन होला भन्ठाने । सबैले प्रदिप नै हो भनेपछि हो जस्तो लाग्यो ।

तर पनि मरिसक्यो होला भनेर मन मान्दैन । आइ पो हाल्छ की, फोन पो गरिहाल्छ की जस्तो लाग्छ । न लाश देख्या न केही, पत्याउने पनि कसरी भन्नोस् न ? लाश नदेख्तासम्म पत्याउनै गाह्रो हुने रहेछ । त्यैभएर अहिलेसम्म किरिया गर्‍या छैन । कतै फस्या होला, बाटो विर्सियो होला भन्ने लाग्छ ।

तर, गाउँलेले प्रदिप मरिसक्यो काजकिरिया गर्नुस् भनेका छन् । मैले लाश नदेख्दासम्म गर्दिन भनेको छु । त्यसैले अहिलेसम्म पनि किरिया गर्‍या छैन । मलाई अझै पनि आइ पो हाल्छ की जस्तो लाग्छ । तर मेरो पनि एक मनले त मरिसक्यो भन्छ । बाच्या भए फोन गरिहाल्थ्यों, सम्पर्कमा आउँथ्यो नि !

प्रदिप जाँदा उस्की जाहान सुत्केरी थिई । एक महिनाको बच्चा थियो । दुईवटा अरु साना बच्चा थिए । बच्चा सानै हुँदा विधवा भइ (बुहारीतर्फ देखाउँदै) । यी बच्चालाई के गरी हुर्काउने हो ? के खुवाउने हो ? के गरी लेखाई पढाई गराउने हो ? यस्तो हुन्यो भन्ने थाहा पाएको भए पठाउने नै थिइन । अरु पनि गएका थिए, राम्रैसँग जाला भन्ने सोचियो । यस्तो भयो ।

छोरा वितेको पिर छँदै छ । त्यत्रो ऋण गरेर ल्याएको पैसा के गरी तिर्ने हो ? हिसाब किताब कति हो क्यै थाहा छैन । मैले थाहा पाएजति कापीमा टिपेको छु । ५५ लाख रुपैयाँ ऋण छ भन्ने थाहा छ । अरुैले त सयकडा तीनले एक करोड पुग्नै लाग्यो होला ।


त्यत्रो ऋण अब हामीहरुले के गरी तिर्ने हो भनेर चिन्ता लाग्छ । साहुँ पैसो दिन पर्‍यो भन्दै घर आइ रहन्छन् कसरी दिने हो मैले केही मेसो पाएको छैन । घरमा राम्ररी खान लाउनै पुग्दैन । छोरा त मर्‍यो मर्‍यो, यत्रो ऋणमा पनि डुबियो । अब के गर्ने र कसो गर्ने भएको छ ।

छोरालाई पठाउने दलालको नाम पनि थाहा छैन । एक जना पुलिस थियो, पैसा उसैलाई दिएको हो । मैले त्यो दलाललाई भेट्या पनि हो । भेटेर हामीले हाम्रो छोरो मर्‍यो, अब पैसा फिर्ता दे भन्यौं । उसले पैसा दिन सक्दिन, बरु त्यहि पैसामा अर्को छोरा पठाइदिन्छु भन्यो । हामिले हुन्छ भन्यौं । हामीसँग अरु बाटो पनि थिएन । त्यत्रो ऋण तिर्नु थियो ।

अहिले त्यो छोरा अम्रिका जान हिँड्या छ । उ बाटोमै छ । अब त्यै छोराको आश छ । ऊ पुग्यो भने दाइको पनि ऋण तिर्छ । एउटा छोरा मरेपछि त्यही बाटो अर्को छोरा पठाउन मन थिएन नि, के गर्नु हजुर दलालले फसायो ।

*(अरुवैध रुपमा अमेरिका जाने क्रममा २०७९ असोजमा पानामाको जंगलमा ज्यान गुमाएका प्रदिप खत्रीका बुबा बागविर खत्रीसँग अनलाइनखबरकर्मी आभास बुढाथोकीले गरेको कुराकानीको सम्पादित अंश ।)*

# बालबालिकाको भविष्यको निर्णायक अवधि



✍ **प्रविज्ञ रेग्मी**

मूर्तिको सुन्दरता मूर्तिकारको शिल्पकौशलताले निर्धारण गर्छ । उसका शिल्पिहातहरूले कहाँ कसरी छोएका छन्, कुन कुशलताको प्रयोग गरेर कस्तो सौन्दर्यको खाँच घुमाइएको छ र कति विस्तृत कुँदिएको छ, इत्यादिले उसको वास्तविक कलात्मकतालाई अन्तिममा प्रकट गर्छ ।

बालबालिका पनि यसरी नै कुँदिदै गरेका संवेदनशील मूर्ति जस्तै हुन् ।

मूर्तिकारहरु अभिभावक, वातावरण र विद्यालय हुन् । बालबालिकाहरु स्वयं बन्दै गरेको मूर्तिलाई स्थायित्व दिन सक्ने क्षमतावान व्यक्तिहरू हुन् ।

ती बन्दै गरेका मूर्तिका अन्तिम सुन्दरता हाम्रो कुशलतामा अधिकतम भर पर्छ र केही उनीहरूको प्रकृतिमा ।

यो क्रममा कुनै भागमा धेरै जोड पर्‍यो वा पुगेन, जस्तो बन्छ बनोस् भनेर उपेक्षा गरियो वा कुँदिनुपर्ने भाग पूर्ण भयो कि भएन जस्ता पक्षहरुले उनीहरुको व्यक्तित्व निर्माणमा प्रभाव पार्छ ।

साधारण रुपमा लिइने जन्मेदेखि बाह्र वर्षसम्मको बाल्यकालका अवधि मानव जीवनको सबभन्दा संवेदनशील र निर्णायक कालखण्ड हो । हाम्रो परिकल्पनाको मूर्तिको मुख्य ढाँचा निर्माण यही समयमा हुन्छ ।

यो अवधिबारे वैज्ञानिक आधारहरूको विवेचना यो लेखमा गर्ने छु ।

बाल्यकाल (जन्मेदेखि बाह्र वर्षसम्म) मानव जीवनको प्राथमिक निर्माण अवधि हो। यही निर्माणात्मक (फर्मेटिभ) अवधिमै बालबालिका कस्ता गुण र चरित्रहरुले युक्त वयस्क बन्छन् भन्ने आधारभूत कुराहरुको निर्णय हुन्छ ।

बालबालिकाको अवचेतन मन अत्यन्तै संवेदनशील र ग्रहणशील हुन्छ । यस बेला देखेका, सुनेका र भोगेका सकारात्मक र नकारात्मक पक्षले उनीहरुमा शारीरिक र मानसिक प्रभाव पार्छ ।

यो उमेरमा बालबालिकाले के सही, के गलत, के राम्रो, के नराम्रो वस्तुगत भएर पर्गेल्दैनन् । जे जस्तो छ त्यसैलाई ग्रहण गर्छन् । आफ्ना अघि जे पाउँछन्, त्यसैलाई स्वीकार गर्छन् ।

निर्माणात्मक समयको म दुई विषय क्षेत्रबाट दृष्टिकोण राख्ने छु – मस्तिष्कको आधारभूत क्रियाविज्ञान (फिजियोलोजी) र मनोविज्ञानको तथ्यगत आधार ।

पहिले मस्तिष्कको क्रियाविज्ञान हेरौं ।

निर्माणात्मक अवधिमा मस्तिष्कको कोषिका (न्युरोन) हरु ज्यादै तीव्र गतिमा विकास भइरहेका हुन्छन् । नयाँ न्युरोनहरु बनिरहेका हुन्छन् र स्नायुमार्ग बन्ने प्रक्रिया तीव्र हुन्छ ।

न्युरोनहरुले बनाएको बाटो वा स्नायुमार्गले मस्तिष्कको विभिन्न विभाग अथवा संकायसँग सूचनाको आदानप्रदान गर्छन् ।

यस अवधिका अनुभव र भोगाइले बालबालिकामा शारीरिक, मानसिक, बौद्धिक र भावनात्मक स्नायु मार्गहरु विशिष्ट रुपमा विकास गर्छन्, तिनलाई आकृति दिन्छन् । यिनले वास्तविक मानसिक संरचनाहरु निर्माण गर्छन् ।

बालबालिका के भोगेका छन्, घरपरिवारमा कस्तो वातावरण छ, सामाजिक परिवेश कस्तो छ; यावत सबै भोगाइहरुको परिणामस्वरुप बनेका स्नायुमार्गले उसलाई भविष्यको वयस्क बनाउँछ ।

यो बेला नै भावना, संवेग, संवेदनशीलता र शारीरिक सन्तुलन लगायतका अनगिन्ती स्नायुमार्ग निर्माण भइसक्छन् ।

वयस्क अवस्थामा व्यक्तिको देखिने प्रवृत्तिको क्रियाविज्ञानका आधार सामान्यतः बाल्यावस्थामै तयार भइसक्छ । यसैले उसको वयस्कावस्थाको स्वभाव मूलतः बाल्यकालमा बनेका स्नायुमार्गमा जस्तो बनावट छ, त्यही नै कायम हुन्छ ।

निर्माणात्मक वर्षहरुपछि स्नायुमार्ग निर्माणको गति सापेक्षिक रुपमा मन्द हुँदै जान्छ । व्यक्तिको रुपान्तरणमा यसको प्रभाव क्रमशः घट्दै जान्छ ।

तर मस्तिष्कको विकास पछिल्ला वर्षहरुमा पनि कायम हुन्छ । नयाँ न्युरोनका विकास सँगै प्रयोगमा नआएका न्युरोनहरुलाई पनि स्नायुमार्ग विकासमा मस्तिष्कले प्रयोग गर्छ । मस्तिष्कको यस्तो गुणलाई 'प्लास्टिसिटी' भनिन्छ । यो गुणले वयस्कावस्थामा पनि नयाँ खुबी, जस्तै भाषा, विकास हुन्छ ।

अण्ड निषेचनदेखि गर्भावस्थामा विकासको गति अझ तीव्र हुन्छ । तर यो लेखमा जन्मपश्चातका तथ्यहरु मात्र लिइएको छ ।

बच्चाले प्राकृतिक वृत्तिहरु पनि लिएर जन्मेको हुन्छ र ती डिएनएमा कोड भएका हुन्छन् । तिनले पनि मस्तिष्कलाई निर्देशित गर्छन् ।

निर्माणात्मक चरणका शिक्षाले व्यक्तिका त्यस्ता केही प्राकृतिक तर अवाञ्छित वृत्तिलाई पनि कुनै सीमासम्म नियन्त्रण गर्न सकिने अध्ययनले देखाएका छन् ।

दोस्रोमा मनोविज्ञानको आधार छ ।

निर्माणात्मक चरणका कार्यक्षेत्र मुख्य रुपमा पाँचवटा छन् – संज्ञानात्मक, भाषिक, शारीरिक, सामाजिक र भावनात्मक ।

यी पाँच कार्यक्षेत्रको सन्तुलनबाट वयस्क निर्माण हुन्छन् । यी सबै कार्यक्षेत्र एकआपसमा अन्योन्याश्रित र अन्तर सम्बन्धित हुन्छन् ।

धेरैजसो अभिभावकहरु बालबालिकालाई पढ्न-लेख्न केन्द्रित गरेमा अन्य सबै विकास आफैं पूरा हुन्छ भनेर त्यसैमा मात्र जोड दिन्छन् ।

तर विद्यार्थीको संज्ञानात्मक (कग्निटिभ) विकासको प्रक्रिया जटिल प्रकृतिको हुन्छ । यसका लागि शारीरिकसहित सामाजिक, भाषिक र भावनात्मक पक्षहरु मिलेर संयुक्त रुपमा प्रभाव पार्छन् । यदि हामीले सामाजिक, भाषिक र भावनात्मक विकासलाई छाडेर बौद्धिक पक्षलाई मात्र जोड दियौं भने संज्ञानात्मक विकास स्वतः घट्छ, पढाइ बिग्रिन्छ ।

यो सन्दर्भमा शिक्षा मनोवैज्ञानिक एरिक एरिक्सनको जीवनका आठ अवस्थाका सिद्धान्तबारे उल्लेख गर्नु प्रासंगिक हुन्छ ।

यो सिद्धान्तअनुसार व्यक्तिको मनोसामाजिक विकासका जम्मा ८ चरणमध्ये मुख्य चार चरण जन्मेदेखि बाह्र वर्षमा पूरा हुन्छ ।

जन्मेदेखि डेढ वर्षसम्मको अवधि मनोसामाजिक विकासको पहिलो चरण हो । यो अवधिमा शिशु आमाको पूर्ण स्याहारसुसारमा हुर्किने हुँदा उसले विश्वास सिक्छ । यतिखेर विश्वास स्थापित नभएका बच्चा सन्देही बनेको अध्ययनले देखाएको छ ।

डेढदेखि तीन वर्ष उमेरको 'अटोनोमी भर्सेस शेम' को चरणमा बालबालिकामा शारीरिक कुशलतामा व्यक्तिगत नियन्त्रण गर्ने क्षमता र स्वतन्त्र विवेक विकास हुन्छ ।

तीनदेखि पाँच वर्षको 'इनिसिएटिभ भर्सेस गिल्ट' अवधिमा बालबालिकाले आफूलाई खेलकुद र अन्य सामाजिक अन्तरक्रियामा सहभागी भएर दृढता सिक्छन् ।

चौथो चरण हो पाँचदेखि बाह्र वर्षको अवधि । यो 'इन्डस्ट्री भर्सेस इन्फेरियरिटी' चरणमा उनीहरुले लेखपढ गर्न सिक्छन् ।

मनोसामाजिक विकासका यी प्रत्येक चरणमा बालबालिकामा विशेष किसिमका स्वभावहरु विकास भइरहेका हुन्छन् । विकासका उल्लिखित कोशेढुंगाका कार्यहरुको त्यही उमेरका समयमा मात्र सुधार सम्भव हुन्छ ।

कुनै पनि कार्यक्षेत्रको असन्तुलनले अन्यथा पर्न सक्ने प्रबल सम्भावना हुन्छ । जस्तै, कुनै बच्चाको भावनात्मक विकास नभएमा वयस्क हुँदा उसलाई व्यक्तिगत सम्बन्ध स्थापना गर्न कठिन हुनसक्छ ।

आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरुको पृष्ठभूमि हेर्दा धेरै जसोको बाल्यकाल निकै कठिन र तनावपूर्ण रहेको तथ्य फेला परेको छ ।

मनोविद जाँ पियाजेले बालबालिकाको संज्ञानात्मक विकासका चारमध्ये तीन चरण बाह्र वर्षभित्र भइसक्ने बताएका छन् ।

पहिलो चरण सेन्सरी-मोटरमा जन्मदेखि दुई वर्षभित्र यसैका आधारभूत खुबीहरू विकास हुन्छ ।

दोस्रो, प्रि-अपरेसनलमा दुईदेखि सात वर्षको समयावधिमा भाषिक ज्ञान विकास हुन्छ ।

....बाँकी पृष्ठ ३ मा

## हेटौँडा च्यालेन्ज कप मंसिर ५ गतेदेखि

# घिमिरेले प्रथम पुरस्कार रकम, पाण्डेले ६५ हजार सहयोग



*प्रथम पुरस्कार वापतको रकम सहयोगस्वरुप हस्तान्तरण गर्नुहुँदै घिमिरे ।*

समाज संवाददाता

हेटौंडाः स्वर्गीय सुदर्शन घिमिरेको स्मृतिमा आगामी मंसिर ५ गतेदेखि हेटौँडामा यु-२१ हेटौँडा च्यालेन्ज कप फुटबल प्रतियोगिता-२०८० हुने भएको छ ।

प्रतियोगिताको प्रथम पुरस्कार सुदर्शन घिमिरेकी श्रीमति सुष्मा घिमिरेले प्रायोजन गर्नुभएको छ । प्रथम पुरस्कार वापतको एक लाख ११ हजार एक सय ११ रुपैयाँ चेक सुष्मा घिमिरेले शनिबार आयोजक समितिलाई हस्तान्तरण गर्नुभएको थियो । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगितामा हेटौँडाका क्लबहरुको सहभागिता रहनेछ ।

प्रतियोगिताका लागि हेटौँडा-५, पिप्लेस्थित हेटौँडा सिटी कलेजका सञ्चालक अनिल पाण्डेले ६५ हजार रुपैयाँ सहयोग प्रदान गर्नुभएको छ । पाण्डेले प्रतियोगिता आयोजनाका लागि सहयोग गर्न स्वतःस्फूर्तरुपमा सहयोग गर्नुभएको प्रतियोगिताको आयोजक एफसी मुण्डियालका सञ्चालक सुविन घिमिरेले जानकारी दिनुभएको छ । प्रतियोगितामा क्लबले देशभरका खेलाडीलाई अनुबन्धन गराउन सक्ने प्रतियोगिताका संयोजक सुदीप सिंह ठकुरीले जानकारी दिनुभएको छ । युवा खेलाडीलाई प्रोत्साहन गर्न उमेर समूहको प्रतियोगिता आयोजना गर्न लागिएको संयोजक ठकुरीले बताउनुभएको छ ।

प्रतियोगितामा दोस्रो हुने टिमले ५५ हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गर्नेछ । एफसी मुण्डियालका प्रमुख सुविन घिमिरेले प्रतियोगिता आयोजनाका लागि करिब पाँच लाख रुपैयाँ लागत अनुमान गरिएको र प्रायोजकहरुसँग सहकार्यका लागि प्रयास भइरहेको जानकारी दिनुभएको छ ।

# फुटसलको उपाधि प्रतिभा युवा क्लबलाई

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकामा भएको रनिङ सिल्ड फुटसलको उपाधि प्रतिभा युवा क्लबले जितेको छ । शुक्रबार बिहान भएको खेलमा प्रतिभा युवा क्लबले गढी स्टार क्लबलाई ४-० गोलअन्तरले पराजित गरेको हो । मकवानपुरगढी-३ स्थित भानु मिनीपिचमा गढी स्टार क्लबको आयोजना तथा मकवानपुरगढी गाउँपालिकाको आर्थिक सहयोगमा छैटौं संस्करणको गाउँपालिकास्तरीय रनिङ सिल्ड फुटसल प्रतियोगिताको भएको हो ।

तेस्रो स्थानका लागि भएको खेलमा कालीखोला स्पोर्टस् क्लबले र सेर्गेगुम्बा स्पोर्टस् क्लबलाई २-१ गोलअन्तरले पराजित गरेको छ । प्रतियोगितामा १८ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई क्रमशः ७५ हजार, ५० हजार र २५ हजार रुपैयाँ पुरस्कारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरिएको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडी विवश थिङ, वेस्ट डिफेन्डर शिशिर चौलागाई, हाई स्कोरर समीर योञ्जन र गोलकिपर निशान्त थापा मगरले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफि प्राप्त गरेका छन् ।

# जिल्लाका नयाँ फुटबल क्लबबीच छनोट प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले नयाँ फुटबल क्लबबीच छनोट प्रतियोगिता आयोजना गर्ने भएको छ । जिल्लास्तरीय क्लबको मान्यता दिँदै जिल्ला लिग खेल्न पाउने गरी २ वटा क्लब छनोट गर्न प्रतियोगिता आयोजना गर्ने निर्णय गरिएको संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभएको छ ।

नकआउट प्रणालीमा आयोजना हुने प्रतियोगिता आगामी मंसिर २३ गतेदेखि सुरु हुनेछ । मकवानपुर जिल्ला फुटबल संघको आइतबार बसेको बैठकले आगामी मंसिर २३ गतेदेखि प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको महासचिव छवी सुवेदीले जानकारी दिनुभयो । प्रतियोगितामा १५ देखि २० वटा क्लब सहभागी हुन सक्ने अनुमान गरिएको उहाँको भनाइ छ ।

प्रतियोगितामा प्रथम र द्वितीय हुने दुइ टिम जिल्लास्तरीय टिमको रुपमा छनोट भई जिल्ला लिगमा समेत सहभागी हुनेछन् भने आगामी लिगमा दुई वटा टिम घटुवामा पर्ने बताइएको छ । संघमा २८ वटा क्लब दर्ता छन् । मकवानपुर जिल्ला फुटबल संघका सदस्य आलोक स्याङ्तानको संयोजकत्वमा प्रतियोगिता हुने महासचिव सुवेदीले जानकारी दिनुभएको छ । प्रतियोगिताको उपाधि विजेता र उपविजेताले सिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछन् ।

# सिमरामा बस दुर्घटना हुँदा भारतीय नागरिकको मृत्यु

समाज संवाददाता

हेटौंडाः शनिबार राती त्रिभुवन राजपथअन्तर्गत सिमराचोकमा बस दुर्घटना हुँदा एकजना भारतीय नागरिकको मृत्यु भएको छ । दुर्घटनामा परी ११ जना घाइते भएका जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेको छ ।

शनिबार राती १० बजेको समयमा चितवनबाट वीरगन्जतर्फ जाँदै गरेको ना ७ ख ४७४९ नम्बरको बस दुर्घटना हुँदा भारतको बिहार राज्यअन्तर्गत मोतिहारी जिल्ला पोखरीया पपरीया ढाका किरैया घर भई हाल पर्सा जिल्लाको वीरगन्ज महानगरपालिका-७ बस्ने २७ वर्षीय मुकेश साहको मृत्यु भएको छ ।

दुर्घटनामा परी बारा जिल्लाको कलैया उपमहानगरपालिका-२० का ४५ को वीर बहादुर महतो र पर्सा जिल्लाको वीरगन्ज महानगरपालिका-८ का ३० वर्षीय सुरज साह कानुको अवस्था गम्भीर रहेको छ । दुवैजनाको टाउको र छातीमा चोट लागेको छ ।

यस्तै पर्सा जिल्लाको वीरगन्ज महानगरपालिका-८ की १८ वर्षीया प्रिया गुप्ता, १६ वर्षीया मनिषा साह, वीरगन्ज-१२ का २३ वर्षीया सेजल गुरूङ, बीरगन्ज-८ का ५२ वर्षीय ललन चौरसिया, वीरगन्ज-१२ का २७ वर्षीय राजन कुमार गुप्ता, वीरगन्ज-८ का २८ वर्षीय मोहन साह कानु, बारा जिल्लाको कलैया-७ का १८ वर्षीय प्रसाद गुप्ता, ३५ वर्षीय अविनाश गुप्ता र जितपुर-सिमरा उपमहानगर पालिका-२ का १९ वर्षीय अनिष राई घाइते भएका छन् । घाइतेहरुको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# कैदीबन्दीलाई बकैया गाउँपालिकाद्वारा ५० हजार सहयोग

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले भीमफेदी कारागारका कैदीबन्दीहरुलाई दसैं मनाउन सहयोग गरेको छ । बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेसहितको टोली कारागार पुगेर कैदीबन्दीलाई दसैं मनाउनका लागि शुक्रबार ५० हजार रुपैयाँ नगद सहयोग प्रदान गरेको हो ।

बकैया गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष राजन दङ्गाल, नेपाली कांग्रेस मकवानपुरका पूर्व सभापति रघुरमण न्यौपानेसहितको उपस्थितिमा सहयोग रकम हस्तान्तरण गरिएको हो । पालिका अध्यक्ष लामिछानेले कैदीबन्दीहरुलाई दसैंमा एक आपसमा शुभकामना आदान प्रदान गर्दै खुशीयालीपूर्वक मनाउन सहज होस् भनेर सहयोग प्रदान गरेको जानकारी दिनुभयो । यस्तै राक्सिराङ गाउँपालिकाले खशी र खाद्यान्न उपलब्ध गराएको छ । यसअघि कैलाश गाउँपालिकाले पनि कारागारका कैदीबन्दीलाई दसैंका लागि खशी र खाद्यान्न प्रदान गरेको थियो ।

# महेन्द्र माविमा दिलबहादुरको संयोजकत्वमा पूर्वविद्यार्थी समूह

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, पदमपोखरीस्थित महेन्द्र माविका पूर्वविद्यार्थीको भेला भएको छ । शनिबार बिहान विद्यालय परिसरमै भएको भेलाले पूर्वविद्यार्थी समूहको तदर्थ समिति गठन गरिएको छ ।

भेलाले दिलबहादुर स्याङ्बोको संयोजकत्वमा ९ सदस्यीय पूर्वविद्यार्थी समूह गठन गरिएको छ । भेलाले सचिवमा राजेन्द्र थापा, सदस्यमा राजेश नगरकोटी, बगान सिंह थिङ्ग, बीर बहादुर श्रेष्ठ, सुरेश कुमार स्याङ्बो, मनोज मोक्तान, उद्धवप्रसाद गौतम र फेन्चु लामा चयन हुनुभएको छ । भेलाले कार्तिक ३० गते भाईटीकाको भोलिपल्ट हेटौंडा-१२ स्थित शहिद लखन बाटिकामा पूर्वविद्यार्थीको वृहत भेलासहित वनभोज कार्यक्रमको आयोजना गर्ने निर्णय समेत गरेको छ । पछिल्लो समय सामुदायिक विद्यालयका पूर्वविद्यार्थी भेला भई विद्यालयको शैक्षिक सुधारमा योगदानमा आफ्नो भूमिकाको खोजी गर्ने क्रम बढेको छ । वडा दसैंलाई पूर्वविद्यार्थीहरुले पुनर्मिलनको अवसरको रुपमा सदुपयोग गर्दै आएका छन् ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
मकवानपुर, हेटौंडा

**बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

*दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/०७/१३ गते*

यस कार्यालयको पुरानो भवन भत्काउदा निस्किएका फलाम जन्य तथा ईटाका टुक्राहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले प्रथम पटक २०८०।०६।१५ मा सूचनामा कुनै बोलपत्र रीतपुर्वक पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । मूल्य अभिवृद्धि करमा दर्ता रहेका ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
मकवानपुर, हेटौंडा

**वन पैदाबार बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

*दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/०७/१३ गते*

यस कार्यालयको पुरानो भवन भत्काउँदा निस्किएका पुराना चिरान काठ लट नं १ मा भएका थान २६१ को १०७५६ क्यू.फि. (गोलियामा परिणत गर्दा १५०।५८४ क्यू फि) घाटगद्दी स्थान (जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरको पुरानो भवन भएको स्थान) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले प्रथम पटक २०८०।०६।१५ गतेको सुचनामा कुनै बोलपत्र रीतपुर्वक पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने समील र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाइउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र लट नं. १ को सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**स्वादिष्ट नेवारी खाजा**

अब



होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत
**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

**A.N.B. ELECTRONICS**
Hetauda-4, Khopegalli

२०-२५%
दशैं विशेष
अफर



AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।

प्रोप्राईटरः अंकित ढकाल
९८५५०-६२९७७

श्री त्रिभुवन माध्यमिक विद्यालय प्राविधिक शिक्षालय
हेटौंडा-११, मकवानपुर

**निःशुल्क अध्ययनका लागि पुनःप्रवेश परीक्षा सम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका वडा नं. ११ स्थित यस श्री त्रिभुवन माध्यमिक विद्यालयमा सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को तीन वर्षे Diploma in Food and Dairy Technology विषयमा प्राप्त कोटाअन्तर्गत प्रथम-वर्ष प्रथम-खण्डमा भर्ना भई अध्ययनका लागि केहि कोटाहरु रिक्त रहेकाले उक्त रिक्त कोटामा निःशुल्क अध्ययन गर्न चाहने एसईईमा न्युनतम् १.६ जीपीए प्राप्त गरेका विद्यार्थीहरुबाट यहि मिति २०८० कार्तिक १५ गतेसम्म आवश्यक कागजात (एसईई/एसएलसीको ग्रेडसिट/मार्कसिट, चारित्रिक प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता र २ प्रति रंगीन पासपोर्ट साइजको फोटोसहित विद्यालयमा सम्पर्क गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**सम्पर्कका लागिः**
मोबाइल नं. ९८६५४०७१२३, ९८५५०६८९३२, ९८४५७३८३७४, ९८५५०७१८९०
e-mail : nawalpurtss@gmail.com
bhandari.narayan1964@gmail.com

**नारायणप्रसाद भण्डारी**
**प्रधानाध्यापक**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ